*"जलस्रोत, पर्यटन र जडिबुटीले समुन्नत बिगु गाउँपालिका"*

# बिगु गाउँपालिका
# Bigu Rural Municipality
# गाउँ कार्यपालिकाको कार्यालय
# Office of the Rural Municipal Executive


लादुक, दोलखा
Laduk, Dolakha
बागमती प्रदेश, नेपाल ।
Bagmati Province, Nepal


पत्र संख्या/Ref. No:- २०७७/०७८
चलानी नं./Dispatch No:-

मिति/Date: २०७८।०१।२२

बिगु गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय लादुक, दोलखा बागमती प्रदेश, नेपाल

## अत्यावश्यक बाहेक सम्पूर्ण नियमित सेवा बन्द गरिएकोबारे बिगु गाउँपालिकाको जरुरी सूचना

हाल विश्वभरि फैलिरहेको नयाँ भेरियन्टसहितको कोभिड-१९ को महामारीले संक्रमण दर बढ्दै गईरहेको सन्दर्भमा नेपाल सरकारद्वारा विभिन्न समयमा गरिएका निर्णयहरु तथा जिल्ला प्रशासन कार्यालय, दोलखाद्वारा भएका निर्णयहरुको बारेमा हामी सबैलाई विदितै छ। यसै सन्दर्भमा बिगु गाउँपालिकाभित्र समेत कोभिड संक्रमणको दरलाई न्यून राख्न यस कार्यालयद्वारा क्वारेन्टाईन निर्माण, औषधि उपचारको व्यवस्था र मूलभुत रुपमा उच्च सतर्कता अपनाउने विषयमा अधिकतम प्रयास भईराखेको छ। शंकास्पद लक्षण देखिएका र कन्टयाक्ट ट्रेसिङ्गमा परेका व्यक्तिहरुको स्वाब संकलन तथा परीक्षण गर्ने कार्य निरन्तर भईरहेको सन्दर्भमा मिति २०७८/१/२० गते १३ जनाको स्वाव संकलन गरी परीक्षणको लागि पठाईएकोमा हाल गाउँपालिका अध्यक्ष श्री युधिष्ठिर खड्का स्वयम् संक्रमित देखिनुभएको छ। कोभिड-१९ को महामारीबाट बच्नको लागि न्यूनतम स्वास्थ्य मापदण्डको पालना लगायत नेपाल सरकार, मन्त्रिपरिषद र प्रमुख जिल्ला अधिकारीबाट जारी भएका आदेशको पालना गर्दै सबैलाई उच्च सतर्कता अपनाउनुहुन अनुरोध गर्दै निषेधाज्ञाको अवधिभर यस कार्यालयबाट प्रदान गरिने नियमित सेवाहरु बन्द गरी अत्यावश्यक सेवा मात्रै प्रवाह हुने व्यहोरा यसै सूचनाद्वारा सूचित गरिन्छ।

२०७८/१/२२

कृष्णहरि पौडेल
प्रमुख प्रशासकीय अधिकृत